लालझाडी राजपत्र

खण्ड १० संख्या ८ मिति २०८३ साल कार्तिक १० गते

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०७।१०

भाग २

लालझाडी गाउँपालिकाको सूचना

यस लालझाडी गाउँपालिकाको **राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४** बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो कार्यविधि प्रकाशन गरिएको छ;

संवत् २०८३ को कार्यविधि नं. ४

प्रस्तावना:- लालझाडी गाउँपालिका क्षेत्रका खोला तथा नदी किनार तथा घाटहरूबाट प्राकृतिक नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, माटो, , दहत्तर बहत्तर) जस्ता प्राकृतिक स्रोतको दिगो व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (घ) को उपदफा (६) तथा दफा ११ (प) को उपदफा (७), ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी

मापदण्ड, २०७७ को दफा ४ को उपदफा (४) बमोजिम नदी, खोला किनार तथा घाटहरूबाट प्राकृतिक नदीजन्य पदार्थ व्यवस्थापनका सम्बन्धमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन, सोको आवश्यकता र औचित्यका आधारमा मेशिनरी उपकरण प्रयोग सम्बन्धी कार्य व्यवस्थित गर्न/गराउन साथै विपद्जन्य अवस्थामा ढुङ्गा, गिट्टी, बालुवा लगायतका सामग्रीहरूको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

लालझाडी गाउँपालिकाको वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन,२०७७ को दफा (५०) ले दिएको अधिकार प्रयोग गरि लालझाडी गाउँपालिकाको नदीजन्य पदार्थ व्यवस्थापनमा मेशिनरी उपकरण प्रयोग सम्बन्धी कार्यविधि, २०८३ बनाई जारी गरेको छ।

परिच्छेद–१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:- (१) यस कार्यविधिको नाम "लालझाडी गाउँपालिकाको नदीजन्य पदार्थ व्यवस्थापनमा मेसिनरी उपकरण प्रयोगसम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि लालझाडी गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

(३) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा:- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले लालझाडी गाउँपालिका सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले लालझाडी गाउँ कार्यपालिका सम्झनुपर्छ।

(ग) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(घ) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(च) "नदीजन्य पदार्थ" भन्नाले प्रचलित कानुनबमोजिम उत्खनन तथा सङ्कलन गर्न मिल्ने नदी, खोला र स्वीकृत घाटमा थुप्रिएका ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, गेग्रान तथा अन्य साधारण निर्माणमुखी पदार्थ सम्झनुपर्छ । तर बहुमूल्य खनिज, पुरातात्त्विक, धार्मिक वा सांस्कृतिक महत्त्वका वस्तु तथा प्रचलित कानुनले उत्खनन वा सङ्कलन गर्न निषेध गरेका पदार्थ यस परिभाषाभित्र पर्ने छैनन् ।

(छ) "मेसिनरी उपकरण" भन्नाले नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलनमा प्रयोग हुने एक्साभेटर, ब्याकहो लोडर, लोडर वा सोही प्रकृतिका उपकरण सम्झनुपर्छ।

(ज) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले प्रचलित कानुनबमोजिम तयार गरी अधिकारप्राप्त निकायबाट स्वीकृत सङ्क्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सम्झनुपर्छ।

(झ) "अनुमतिपत्र" भन्नाले यस कार्यविधि बमोजिम मेसिनरी उपकरण प्रयोग गर्न दिइएको लिखित अनुमति सम्झनुपर्छ।

(ञ) "अनुमतिप्राप्त पक्ष" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्ति, फर्म, कम्पनी, आयोजना वा निकाय सम्झनुपर्छ।

(ट) "उत्खनन कार्ययोजना" भन्नाले उपकरणको प्रकार, सङ्ख्या, स्थान, विधि, समय, गहिराइ, परिमाण र वातावरणीय सुरक्षाका उपाय सहित तयार गरिएको कार्ययोजना सम्झनुपर्छ।

(ठ) "अनुगमन समिति" भन्नाले दफा १२ बमोजिमको गाउँपालिकास्तरीय अनुगमन समिति सम्झनुपर्छ।

(ड) "प्राविधिक शाखा" भन्नाले गाउँपालिकाको पूर्वाधार विकास वा सम्बन्धित प्राविधिक विषय हेर्ने शाखा सम्झनुपर्छ।

परिच्छेद-२

अनुमति तथा स्वीकृतिसम्बन्धी व्यवस्था

३. पूर्वअनुमति अनिवार्य हुने:- (१) कार्यालयको लिखित अनुमति नलिई कसैले पनि नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन गर्ने उद्देश्यले नदी, खोला वा घाट क्षेत्रमा मेसिनरी उपकरण प्रवेश गराउन वा प्रयोग गर्न पाउने छैन ।

(२) नदीजन्य पदार्थको उत्खनन वा बिक्रीसम्बन्धी ठेक्का सम्झौता भएको आधारमा मात्र मेसिनरी उपकरण प्रयोगको अनुमति प्राप्त भएको मानिने छैन।

(३) मेसिनरी उपकरण प्रयोगको अनुमतिले वातावरणीय स्वीकृति, वन क्षेत्र प्रवेश अनुमति वा अन्य निकायबाट लिनुपर्ने स्वीकृतिको स्थान लिने छैन ।

(४) वातावरणीय अध्ययन प्रतिवेदनमा मेसिनरी उपकरण प्रयोग निषेध गरिएको वा त्यसको प्रयोग स्वीकृत नभएको अवस्थामा यस कार्यविधिका आधारमा मात्र अनुमति दिन पाइने छैन ।

४. मेसिनरी उपकरण प्रयोग गर्न सकिने अवस्था:- (१) नदीजन्य पदार्थको उत्खनन तथा सङ्कलनमा सम्भव भएसम्म श्रममूलक प्रविधि र सामान्य हाते औजारलाई प्राथमिकता दिइनेछ।

(२) प्रचलित कानुन तथा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले अनुमति दिएको सीमाभित्र देहायका अवस्थामा मेसिनरी उपकरण प्रयोगको अनुमति दिन सकिनेछ:-

(क) श्रममूलक प्रविधिबाट सुरक्षित तथा व्यावहारिक रूपमा उत्खनन गर्न सम्भव नभएको प्राविधिक आधार प्रस्तुत भएमा;

(ख) स्वीकृत आयोजनाका लागि आवश्यक नदीजन्य पदार्थ व्यवस्थापन गर्नुपर्ने भएमा;

(ग) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन तथा ढुवानीको लागि गाउँपालिकाबाट आह्वान भएको आय ठेक्का सकार गर्ने फर्म वा कम्पनीले

स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाणमा नदीजन्य पदार्थ व्यवस्थापन गर्नुपर्ने भएमा ।

(घ) नदीमा थुप्रिएको पदार्थका कारण बहाव अवरुद्ध भई जोखिम उत्पन्न भएको र प्रचलित कानुनबमोजिम त्यस्तो पदार्थ हटाउनुपर्ने भएमा।

५. निवेदन तथा संलग्न कागजात:- (१) मेसिनरी उपकरण प्रयोग गर्न चाहने पक्षले अनुसूची-१ बमोजिम कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) निवेदनसाथ देहायका कागजात संलग्न गर्नुपर्नेछ:-

(क) निवेदकको परिचय तथा फर्म वा कम्पनी भए दर्ता र प्रचलित कानुन बमोजिम आवश्यक नवीकरण सम्बन्धी कागजात;

(ख) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता सम्बन्धी कागजात;

(ग) ठेक्का सम्झौता, कार्यादेश वा आयोजनासम्बन्धी आधिकारिक कागजात;

(घ) अनुसूची-२ बमोजिमको उत्खनन कार्ययोजना;

(ङ) उपकरणको स्वामित्व वा भाडा सम्झौता, र प्रचलित कानुनले मागेका दर्तासम्बन्धी कागजात;

(च) चालक वा अपरेटरको योग्यता सम्बन्धी आवश्यक कागजात।

(छ) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

६. जाँचबुझ तथा अनुमति:-(१) प्राप्त निवेदनको प्राविधिक उपयुक्तता, उपकरण प्रयोगको आवश्यकता र औचित्य प्राविधिक शाखाले परीक्षण गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिसका आधारमा कार्यालयले प्रचलित कानुनको सीमाभित्र रहि आवश्यकता अनुसारको संख्यामा मेसिनरी उपकरण प्रयोग गर्न अनुमति दिने निर्णय गर्न सक्नेछ ।

(३) राजस्व जम्मा गरेको रसिद पेस गरेपछि निर्णयबमोजिम कार्यालयले अनुसूची-३ को ढाँचामा अनुमतिपत्र जारी गर्नेछ ।

(४) निर्णय बमोजिम कार्यालयले अनुसूची-३ को ढाँचामा अनुमतिपत्र जारी गर्नेछ ।

(५) अनुमति दिन नमिल्ने भए कार्यालयले कारण सहित निवेदकलाई जानकारी दिनुपर्नेछ ।

(६) यस कार्यविधि बमोजिम मेसिनरी उपकरण प्रयोगको अनुमति प्राप्त गर्नु अघि निवेदकले गाउँपालिकाको आर्थिक ऐन वा तोकिए बमोजिमको अनुमति दस्तुर गाउँपालिकाको राजस्व खाता मा जम्मा गर्नुपर्नेछ ।

७. अनुमतिको अवधि तथा परिवर्तन:- (१) अनुमतिको अवधि सम्बन्धित ठेक्का, आयोजनाको अवधि र वातावरणीय स्वीकृतिले तोकेको अवधिभन्दा बढी हुने छैन ।

(२) अनुमतिपत्रमा उल्लेख भएको उपकरण, सङ्ख्या, क्षेत्र वा समय परिवर्तन गर्नुपरेमा पूर्वस्वीकृति लिनुपर्नेछ ।

(३) अनुमतिपत्र अर्को पक्षलाई हस्तान्तरण गर्न पाइने छैन ।

परिच्छेद–३

सञ्चालन तथा वातावरणीय सुरक्षासम्बन्धी व्यवस्था

८. उत्खनन कार्ययोजना:- उत्खनन कार्ययोजना अनुसूची-२ बमोजिम हुनेछ ।

९. समय, क्षेत्र तथा परिमाणको सीमा:- (१) सामान्य व्यावसायिक उत्खनन तथा सङ्कलन असार, साउन र भदौ महिनामा गरिने छैन। प्रचलित कानुन वा वातावरणीय स्वीकृतिले थप निषेध गरेको अवधि भए सोसमेत लागू हुनेछ ।

(२) रातको समयमा मेसिनरी उपकरण वा अन्य कुनै विधिबाट उत्खनन तथा सङ्कलन गर्न पाइने छैन ।

(३) दैनिक सञ्चालन समय अनुमतिपत्रमा स्पष्ट तोकिनेछ र त्यस्तो समय दिनको उज्यालो अवधिभित्र हुनुपर्नेछ।

(४) पानी बगिरहेको बहाव क्षेत्रभित्रबाट नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन गर्न पाइने छैन।

(५) नदीको धार परिवर्तन गर्ने, पानी थुन्ने, किनार काट्ने वा संरचना जोखिममा पार्ने गरी काम गर्न पाइने छैन।

(६) अनुमतिप्राप्त सीमाभन्दा बाहिर वा स्वीकृत गहिराइ र परिमाणभन्दा बढी उत्खनन गर्न पाइने छैन।

(७) निरन्तर वर्षा, बाढीको चेतावनी, जलसतह वृद्धि वा अन्य असुरक्षित अवस्थामा काम तत्काल रोक्नुपर्नेछ ।

१०. संवेदनशील क्षेत्रको संरक्षण:- (१) वन, संरक्षित क्षेत्र, मध्यवर्ती क्षेत्र वा अन्य विशेष कानुनी व्यवस्था लागू हुने क्षेत्रमा सम्बन्धित कानुन बमोजिमको स्वीकृति बिना यस कार्यविधिले अनुमति दिएको मानिने छैन ।

(२) अनुमतिप्राप्त पक्षले नदीको बहाव, बाढी निकास वा तटबन्धमा असर पर्ने गरी नदीतटीय क्षेत्रमा भण्डारण वा घाटगद्दी गर्न पाउने छैन।

(४) भण्डारण आवश्यक भएमा प्रचलित कानुन र वातावरणीय स्वीकृति अनुकूल कार्यालयबाट स्वीकृत सुरक्षित स्थानमा मात्र गर्नुपर्नेछ ।

११. अनुमतिप्राप्त पक्षको दायित्व:- अनुमतिप्राप्त पक्षले देहायका दायित्व पूरा गर्नुपर्नेछ:

(क) काम सुरु गर्नुअघि प्राविधिकको रोहबरमा उत्खनन क्षेत्र सीमाङ्कन गर्ने;

(ख) अनुमतिपत्र र कार्ययोजनाको प्रतिलिपि कार्यस्थलमा राख्ने;

(ग) प्रचलित कानुन तथा मापदण्ड बमोजिमको विवरण स्पष्ट खुल्ने गरी कार्यस्थलमा सूचना पाटी राख्ने;

(घ) स्वीकृत उपकरण र योग्य अपरेटर मात्र प्रयोग गर्ने;

(ङ) नदीमा तेल, इन्धन, फोहोर वा अन्य प्रदूषक मिसिन नदिने;

(च) उत्खनन, बिक्री र ढुवानीको दैनिक अभिलेख राख्ने;

(छ) ढुवानी गर्दा स्वीकृत रसिद वा चलान प्रयोग गर्ने र प्रचलित भारसीमा पालना गर्ने;

(ज) अनुगमनमा कागजात उपलब्ध गराई सहयोग गर्ने;

(झ) काम सम्पन्न भएपछि खाल्डाखुल्डी, पहुँचमार्ग वा अन्य कारणबाट उत्पन्न जोखिम न्यूनीकरण गर्ने।

परिच्छेद–४
अनुगमन, अभिलेख तथा प्रतिवेदन

१२. अनुगमन तथा सुपरिवेक्षण समिति:- (१) गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहने पालिकास्तरीय अनुगमन समितिले स्थानीय अनुगमन समितिको रुपमा कार्य गर्नेछ। सो समितिको पदेन सदस्यको रुपमा उत्खनन् तथा सङ्कलन हुने वडाको वडा अध्यक्ष रहनेछ।

(३) समितिले आवश्यकताअनुसार सम्बन्धित निकायका प्रतिनिधि, विषयविज्ञ तथा स्थानीय समुदायका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ।

(४) समितिले अनुमति दिनुअघि, सञ्चालन अवधिमा र काम सम्पन्न भएपछि आवश्यक अनुगमन गर्नेछ।

(५) अनुगमन गर्दा अनुसूची-४ को जाँचसूची प्रयोग गर्नुपर्नेछ।

१३. वडास्तरीय निगरानी:- (१) सम्बन्धित वडा कार्यालयले आफ्नो क्षेत्रका घाटको नियमित निगरानी गरी गाउँपालिकालाई जानकारी गराउनेछ।

(२) निगरानीमा वडाध्यक्ष, वडा सदस्य तथा सम्बन्धित वडाका प्राविधिक कर्मचारी परिचालन गर्न सकिनेछ।

(३) वडास्तरीय निगरानीबाट उपकरण थप्ने, परिमाण बढाउने वा अनुमतिका सर्त परिवर्तन गर्ने अधिकार सिर्जना हुने छैन।

१४. दैनिक अभिलेख तथा प्रतिवेदन:- (१) अनुमतिप्राप्त पक्षले उत्खनन परिमाणको दैनिक अभिलेख राख्नुपर्नेछ।

(२) दैनिक अभिलेखको विवरण सोहि दिन कार्यालयमा पेस गर्नुपर्नेछ।

(३) अभिलेखमा उपकरण सञ्चालन समय, उत्खनन परिमाण, ढुवानी विवरण, सञ्चित परिमाण र बाँकी स्वीकृत परिमाण स्पष्ट देखिनुपर्नेछ ।

(४) कार्यालयले प्रतिवेदित परिमाणलाई प्राविधिक नापजाँच, स्थलगत अवस्था र बिक्री तथा ढुवानी विवरणसँग भिडान गर्न सक्नेछ।

(५) नापजाँचको विधि, प्रयोग गरिएको एकाइ र एकाइ रूपान्तरण गरिएको भए आवश्यक रूपान्तरण आधार अभिलेखमा खुलाउनुपर्नेछ।

परिच्छेद-५

निषेध, रोक्का तथा कारबाही

१५. काम रोक्का तथा अनुमति रद्द:-(१) तत्काल जोखिम वा गम्भीर सर्त उल्लङ्घन देखिएमा कार्यालयले काम रोक्न निर्देशन दिन सक्नेछ।

(२) सामान्य त्रुटि सुधार गर्न सम्भव भए कार्यालयले समयसीमासहित सुधार निर्देशन दिन सक्नेछ।

(३) गम्भीर वा दोहोरिएको उल्लङ्घनमा स्पष्टीकरणको उचित अवसर दिई अनुमति निलम्बन वा रद्द गर्न सकिनेछ ।

(५) अनुमति निलम्बन वा रद्द भएपछि पनि बाँकी राजस्व, क्षतिपूर्ति वा अन्य कानुनी दायित्व समाप्त हुने छैन।

१६. दण्ड, जरिवाना तथा क्षतिपूर्ति:- (१) यस कार्यविधि विपरीत कार्य गरेमा वा अनुमतिका सर्तहरू उल्लङ्घन गरेमा सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक ऐनमा उल्लेख भए बमोजिम जरिवाना तथा कारबाही हुनेछ।

(२) उपदफा (१) बमोजिमको जरिवाना तथा कारबाहीका अतिरिक्त कार्यविधि विपरीतका कार्यबाट वातावरण वा स्थानीय पूर्वाधारमा पुर्याएको क्षतिको

मूल्याङ्कन गरी प्राविधिक शाखाको सिफारिसमा सम्बन्धित अनुमति प्राप्त पक्ष वा व्यक्तिबाट क्षतिपूर्ति असुल गरिनेछ।

परिच्छेद–६
विविध

१७. काम सम्पन्नपछिको परीक्षण:- (१) काम सम्पन्न भएको वा अनुमति अवधि समाप्त भएको सात दिनभित्र अनुमतिप्राप्त पक्षले अन्तिम विवरण पेस गर्नुपर्नेछ।

(२) प्राविधिक शाखाले वास्तविक उत्खनन, राजस्व विवरण, वातावरणीय सर्तको पालना र बाँकी जोखिम परीक्षण गर्नेछ।

(३) सुधार गर्नुपर्ने अवस्था भए सम्बन्धित पक्षलाई सुधार गर्न निर्देशन दिइनेछ।

१८. प्रचलित कानुन लागू हुने

(१) यस कार्यविधिमा लेखिएका विषयमा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुन वा बाध्यकारी न्यायिक आदेशसँग बाझिएमा बाझिएको हदसम्म सोही कानुन वा आदेश लागू हुनेछ।

१९. संशोधन तथा कार्यान्वयन सहजीकरण

(१) कार्यपालिकाले प्रचलित कानुनको अधीनमा रही यो कार्यविधि संशोधन गर्न सक्नेछ।

(२) कार्यान्वयनमा देखिएको प्रक्रियागत कठिनाइ कार्यपालिकाले प्रचलित कानुनको सीमाभित्र समाधान गर्न सक्नेछ।

अनुसूची–१
(दफा ५ सँग सम्बन्धित)

मेसिनरी उपकरण प्रयोगको अनुमति माग गर्ने निवेदन

मितिः .....

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
लालझाडी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, शंकरपुर, कञ्चनपुर।

विषय: मेसिनरी उपकरण प्रयोगको अनुमति पाऊँ।

महोदय,

यस गाउँपालिकासँग भएको ठेक्का सम्झौता/स्वीकृत आयोजना ..... को कार्यान्वयनका लागि स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र संलग्न उत्खनन कार्ययोजनाबमोजिम नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलनमा मेसिनरी उपकरण प्रयोग गर्नुपर्ने भएकाले देहायको विवरण तथा आवश्यक कागजातसहित अनुमति माग गर्दछु/गर्दछौं।

१. निवेदक/फर्म/कम्पनी/आयोजनाको नाम:
२. ठेगाना तथा सम्पर्क नम्बर:
३. दर्ता नम्बर तथा कर दर्ता नम्बर:
४. ठेक्का/आयोजनाको नाम र नम्बर:
५. सम्झौता वा कार्यादेशको मिति:
६. नदी/खोला/घाटको नाम र वडा नम्बर:
७. स्वीकृत कुल परिमाण:
८. हालसम्म उत्खनन भएको र बाँकी परिमाण:
९. माग गरिएको उपकरणको प्रकार, नम्बर र सङ्ख्या:

स्वघोषणा:-

स्वीकृत क्षेत्र, परिमाण, गहिराइ, समय र वातावरणीय सर्तभित्र रही काम गर्नेछु/गर्नेछौं। विवरण झुट्टा ठहरे वा सर्त उल्लङ्घन भएमा प्रचलित कानुन बमोजिमको जिम्मेवारी स्वीकार गर्नेछु/गर्नेछौं।

निवेदकको नाम:

पद:

हस्ताक्षर:

संस्थाको छाप:

लालझाडी गाउँपालिका

अनुसूची–२

(दफा ८ सँग सम्बन्धित)

उत्खनन कार्ययोजना

क्र.सं.	विवरण	ब्यहोरा /किसिम
१	मेसिनरी उपकरणको किसिम	
२	प्रयोग हुने मेसिनको संख्या	
३	प्रयोग हुने कारण	
४	प्रयोग गर्ने समय	
६	प्रयोग गर्ने महिना	
७	प्रयोग गर्ने बिधि प्रकृया	
८	गहिराई	
९	लम्बाई	
१०	चौडाई	
१२	चेनएज	
१३	उत्खनन सकंलन हुने अनुमानित परिमाण	
१६	मुख्य बस्ति देखी मेसिन प्रयोग गर्ने क्षेत्र सम्मको दुरी	
१७	स्थानीय सडक देखी मेसिन उपकरण प्रयोग गर्ने क्षेत्र सम्मको दुरी	
१८	अन्य संवेदनशिल क्षेत्र	

निवेदक:-

नाम:-

ठेगाना:-

सम्पर्क नं:-

छाप

अनुसूची–३

(दफा ६ सँग सम्बन्धित)

मेसिनरी उपकरण प्रयोगको अनुमतिपत्र

अनुमतिपत्र नम्बर: .....

मिति: .....

श्री .....

तपाईं/त्यस संस्थाको मिति ..... को निवेदन बमोजिम यस कार्यालयको प्राविधिक प्रतिवेदन का आधारमा यस कार्यालयको मिति ..... को निर्णयअनुसार देहायका सर्तमा मेसिनरी उपकरण प्रयोग गर्न अनुमति प्रदान गरिएको छ।

नदी/घाटको नाम/ठेगाना.....

.....

उत्खनन,संकलनकर्ता/ब्यवसायी.....

क्र.सं.	विवरण	कैफियत
१.	**भारी उपकरण प्रयोग गर्ने स्थानको विवरण:-** क. माथिल्लो बिन्दु..... ख. तल्लो बिन्दु..... ग. लम्बाई..... घ. चौडाई..... ङ. गहिराई.....	
२.	**नदिजन्य पदार्थ उत्खनन/संकलनको अवस्था**	

	क. सहमति दिएको परिमाण..... ख. हालसम्म उत्खनन परिमाण.....	
३.	**<u>प्रयोग गरिने भारी उपकरणको बिबरण:-</u>** क. संख्या:-..... ख. नाम/नम्बर..... **ग.** नाम/नम्बर.....	
४.	**<u>भारी उपकरण प्रयोग गर्ने समायावधि</u>** क. मिति.....देखि मिति.....सम्म ख. प्रतिदिन.....घण्टा ग. समय बिहान.....बजे देखि साझ.....बजे सम्म	
५.	**<u>सुपरभिजन तथा समन्वय</u>** क. प्राविधिक कर्मचारीको नाम..... **ख.** वडाध्यक्षको नाम.....	

<u>अनुमतिका अनिवार्य सर्त:</u>

१. अनुमतिपत्र कार्यस्थलमा राख्नुपर्नेछ।
२. बहावभित्र उत्खनन, रातको काम र स्वीकृत सीमा भन्दा बाहिरको काम निषेध हुनेछ।
३. दैनिक अभिलेख राखी सोहि दिन कार्यालयमा विवरण पेस गर्नुपर्नेछ।
४. जोखिम उत्पन्न भएमा वा कार्यालयले निर्देशन दिएमा काम तत्काल रोक्नुपर्नेछ ।
५. अन्य निकायबाट लिनुपर्ने स्वीकृति यस अनुमतिले प्रतिस्थापन गर्ने छैन ।

बिबरण रुजु गर्ने
प्राविधिक कर्मचारी:-
नाम:-
पद:-
हस्ताक्षर.....

सहमति प्रदान गर्ने :-
नाम:-
पद:-
हस्ताक्षर.....

लालझाडी गाउँपालिका

अनुसूची–४

(दफा १२ सँग सम्बन्धित)

अनुगमन जाँचसूची

घाटको नाम: .....

वडा नम्बर: .....

अनुमति प्राप्त पक्ष: .....

अनुगमन मिति र समय: .....

क्र.सं.	**अनुगमनको विषय**	**पालना भएको/नभएको**	**कैफियत**
१	अनुमतिपत्र तथा वातावरणीय प्रतिवेदन उपलब्ध		
२	उपकरणको प्रकार, नम्बर र सङ्ख्या स्वीकृतिअनुसार		
३	उत्खनन क्षेत्र सीमाङ्कन भएको		
४	स्वीकृत गहिराइ, लम्बाइ र चौडाइ पालना		
५	कुल तथा बाँकी परिमाणको पालना		
६	दैनिक सञ्चालन समयको पालना		
७	बहाव क्षेत्रभित्र उत्खनन नगरेको		
८	नदीको धार र किनारमा प्रतिकूल असर नपारेको		
९	संरचना तथा संवेदनशील क्षेत्रको सुरक्षा		
१०	दैनिक उत्खनन अभिलेख राखेको		

११	बिक्री, ढुवानी चलान र राजस्व विवरण मिलेको		
१२	भण्डारणस्थल स्वीकृतिअनुसार		
१३	सूचना पाटी राखेको		
१४	धुलो, ध्वनि तथा प्रदूषण नियन्त्रण		
१५	अन्य विषय		

देखिएका जोखिम/उल्लङ्घन: .....

दिइएको निर्देशन र समयसीमा: .....

अनुगमनकर्ताको नाम, पद र हस्ताक्षर	
१.	६.
२.	७.
३.	८.
४.	९.
५.	१०.

आज्ञाले

हिमाल डंगौरा

प्रमुख प्रशासकीय अधिकृत